सामुदायिक लघुवित्त वित्तिय संस्था लिमिटेड
Samudayik Laghubitta Bittiya Sanstha Limited
Banepa-14, Sanga, Kavrepalanchowk

Head Office: Banepa-14, Kavre.
Phone No: 011-662251, 660452
E-mail: samudayikbank@gmail.com
Web.: www.samudayikbank.com.np

# Unaudited Financial Results (Quarterly)

As at the end of Third Quarter (Chaitra 30, 2078) of the Fiscal Year 2078/2079

Rs. In '000

| S. No. | Particulars | This Quarter Ending (Chaitra 30, 2078) | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **1713109.99** | **1582961.99** | **1532325.70** |
| 1.1 | Paid-up Capital | 132000.00 | 132000.00 | 132000.00 |
| 1.2 | Reserves and Surplus | 94783.85 | 92239.69 | 66505.29 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | 725243.47 | 632153.31 | 692877.49 |
| 1.5 | Deposits (a+b) | 558323.47 | 541020.72 | 491616.65 |
| | a. Domestic Currency | 558323.47 | 541020.72 | 491616.65 |
| | b. Foreign Currency | | | |
| 1.6 | Income Tax Liabilities | 12075.72 | 11060.53 | 7332.91 |
| 1.7 | Other Liabilities | 190683.50 | 174487.74 | 141993.36 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **1713109.99** | **1582961.99** | **1532325.70** |
| 2.1 | Cash & Bank Balance | 44146.26 | 39941.12 | 166403.55 |
| 2.2 | Money at call and short Notice | - | - | - |
| 2.3 | Investments | 22616.50 | 1000.00 | 1000.00 |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | 1569145.10 | 1473566.67 | 1298737.18 |
| 2.5 | Fixed Assets | 21637.19 | 21674.69 | 23805.52 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 55564.94 | 46779.50 | 42379.45 |
| **3** | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 150100.24 | 97421.98 | 131983.76 |
| 3.2 | Interest Expense | 61956.78 | 37262.16 | 52065.48 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **88143.46** | **60159.82** | **79918.28** |
| 3.3 | Fees Commission and Discount | 864.63 | 544.22 | 812.26 |
| 3.4 | Other Operating Income | 23781.79 | 15960.64 | 19821.69 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | | |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **112789.88** | **76664.68** | **100552.23** |
| 3.6 | Staff Expenses | 48208.05 | 25887.19 | 39391.94 |
| 3.7 | Other Operating Expenses | 14542.79 | 8730.16 | 12730.85 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **50039.04** | **42047.33** | **48429.45** |
| 3.8 | Provision for Possible Loss | 6576.41 | 2307.05 | 29455.88 |
| **D** | **Operating profit (C-3.8)** | **43462.63** | **39740.27** | **18973.56** |
| 3.9 | Non Operating Income/Expenses (Net) | | | |
| 3.10 | Write Back of Provision for Possible Loss | 815.00 | 815.00 | 7,913.78 |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **44277.63** | **40555.27** | **26887.35** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | | | |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **44277.63** | **40555.27** | **26887.35** |
| 3.12 | Provision For Staff Bonus | 4025.24 | 3686.84 | 2444.30 |
| 3.13 | Provision For Tax | 12075.72 | 11060.53 | 7332.91 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **28176.67** | **25807.90** | **17110.13** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 12.35% | 13.06% | 11.81% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 4.72% | 4.70% | 6.08% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 122.06% | 124.33% | 76.18% |
| 4.4 | Cost of Funds | 8.27% | 7.29% | 6.74% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 281.05% | 272.37% | 264.18% |

Note: If the statutory auditor and supervisory authority notify any remarks to change, the unaudited financial statements could be changed accordingly.

| Interest Rate | |
|---|---|
| **1. Deposits : 4% - 7% Per Annum** | **2. Loan & Advance : 12% - 15% Per Annum** |

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूचि १४
## (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

# आर्थिक वर्ष २०७८/७९ को तेस्रो त्रैमासिक प्रतिवेदन

**१. बित्तिय विवरण:**

क. यस सामुदायिक लघुवित्त वित्तीय संस्था लि.को तेस्रो त्रैमासिक अवधिको वासलात तथा नाफा/नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

ख. प्रमुख वित्तीय अनुपातहरु :

| प्रति शेयर आम्दानी | मूल्य/आम्दानी अनुपात (P/E ratio) | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| २८.४६ | ४३.२२ | १७१.८१ | १२९७.८१ | ८.१८ |

**२. व्यबस्थापकीय बिश्लेषण :**

क. त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण: विगतमा महामारीका रुपमा फैलिएको कोरोना भाईरस कोभिड-१९ को कारण कार्यक्रम तथा व्यवसाय र असुलीमा प्रत्यक्ष प्रतिकूल प्रभाव परेतापनि व्यावसायिक योजना अनुसार लगानी बृद्धि सन्तोषजनक रुपमा भैरहेको, बजारमा तरलता अभावको सृजना भएतापनि तरलता अनुपात त्रैमासिक अन्तसम्ममा उचित व्यवस्थापन गर्न सकिएको र बजारमा तरलता अभावको समस्या हुँदा बाह्य कर्जाको व्याजदरमा बृद्धि हुँदा कोषको लागत बढ्न गएको ।

ख. आगामी अवधिको व्याबसायिक योजना सम्बन्धमा व्यबस्थापनको बिश्लेषणात्मक विवरण : राष्ट्रिय स्तरको लघुबित्त संस्थामा परिणत हुने र अन्य जिल्लाहरुमा पनि व्यबसाय प्रबर्द्धन गर्दै जाने र स्वीकृत जिल्ला अन्तर्गत संभावित क्षेत्रमा शाखा विस्तार गरी लघुवित्त कार्यक्रमको पहुँच नपुगेको स्थानहरुमा लघुवित्त सेवा विस्तार गर्ने, सदस्यको सीप क्षमताको मूल्यांकन गरी सुरक्षित कर्जा प्रवाह गरी व्यवसाय बृद्धि गर्ने कर्मचारी दक्षता बृद्धि गर्न कार्यगत सीप विकास गर्ने, भाखा नाघेको कर्जा असूलीमा बिशेष प्राथमिकता दिई असुली गरी भाखा नाघेको कर्जाको दर कम गर्ने । वित्तीय संस्थामा रहेको जनशक्ति तथा यसको उचित व्यवस्थापन, तालिम र समयानुकूल व्यवसायिक योजना तथा रणनीति अपनाई संस्थाले प्रदान गर्ने सेवामा प्रभावकारी र विविधिकरण गर्दै खर्चमा मितव्ययिता अपनाईएको छ ।

ग. विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अबस्था आदि भएमा सो सम्बन्धी बिश्लेषणात्मक विवरण : विश्वमै फैलिएको कोभिड-१९ भाईरस तथा मेलम्ची क्षेत्रमा आएको बाढी पहिरोको कारण पूर्ण रुपमा प्रभाव पार्नुको साथै प्राकृतिक प्रकोपको प्रभावका कारण नाफा नोक्सान, नगद प्रवाहमा सामान्य अवस्थामा भन्दा धेरै फरक पर्न गएको र तत्कालै देखि नियमन निकायको निर्देशनको पालना गर्दै व्याबसायिक रणनीति अवलम्बन गरिएको छ । एकै कार्यक्षेत्रमा बहुसंख्यक लघुवित्त संस्थाहरुको उपस्थितिले सदस्यहरु वीच कर्जाको दोहोरोपनाको कारण तोकिएको सीमा भन्दा कर्जा लगानी रकम धेरै भई थप रकम लगानी गर्न असमर्थ हुँदा सदस्य पलायन हुने तथा कार्यक्रमको गुणस्तरमा ह्रास आउने कारणहरुले संस्थालाई असर पर्ने जोखिम विद्यमान छ ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण :**

क. यस त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्धा दायर भएको भए :संस्थाको जानकारीमा आएको छैन ।

ख. संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको बिरुद्ध प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए : संस्थाको जानकारीमा आएको छैन ।

ग. कुनै संस्थापक वा संचालक बिरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको वा नभएको : संस्थाको जानकारीमा आएको छैन ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी बिश्लेषण :**

क. धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोवार सम्बन्धमा व्यवस्थापनको धारणा : शेयरको मूल्य तथा कारोवार बजारले निर्धारण गर्ने हुँदा शेयरको मूल्य तथा कारोवार प्रति यस संस्थाको व्यबस्थापन तटस्थ छ तर प्रचलित कानुन अनुसार लगानीकर्ता तथा सम्बद्ध निकायहरुलाई उपलब्ध गराउनु पर्ने सूचना तथा जानकारी संस्थाले उपलब्ध गराएको छ ।

ख. त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कूल दिन तथा कारोवार संख्या : (नेपाल स्टक एक्सचेन्जको वेवसाईट www.nepalstock.com अनुसार)

| शेयरको अधिकतम मूल्य | शेयरको न्यूनतम मूल्य | शेयरको अन्तिम मूल्य | कारोवार भएको कूल दिन | कारोवार भएको कुल संख्या |
|---|---|---|---|---|
| १,४१२.७० | १,१५९ | १,२३० | ५८ | ५१,५२३ |

**५. समस्या तथा चूनौती :**

क. आन्तरिक : केही कर्जा असुल हुन नसकी उत्पन्न हुन सक्ने जोखिमलाई कम गर्न दक्ष कर्मचारीहरुको तत्काल व्यवस्था क्रमशः गर्दै लगिएकोछ ।

ख. बाह्य : विगत देखि विश्वमा महामारीको रुपमा फैलिएको कोरोना भाईरस कोभिड-१९ को कारण लगानी, असुली व्यवस्थापन समस्या तथा संस्थाको अन्य सामाजिक गतिविधिहरुमा केही असर पुगेको देखिन्छ । वित्तीय संस्थामा कार्यक्षेत्र, सदस्य र ऋणमा हुने दोहोरोपनका कारण ऋणग्रस्तताको समस्या र चुनौती सामना गर्नुपर्ने अवस्था रहेको ।

ग. रणनीति : दक्ष जनशक्तिको बिकास गर्न कर्मचारीलाई समय समयमा बिभिन्न बैंकिङ्ग तालिममा पठाउनुको साथै संस्था भित्र पनि त्यस्ता तालिमको व्यबस्था गरिएको छ । संस्थाले आफ्नो हरेक सेवालाई ग्राहकमुखी र गुणस्तरीय बनाउँदैलगीआन्तरिक नियन्त्रण प्रणाली तथा जोखिम व्यबस्थापनलाई चुस्त दुरुस्त बनाउने रणनीति लिएको छ ।

**६. संस्थागत सुशासन :**

यस बित्तीय संस्थाको संस्थागत सुशासन परिपालनका लागि सदैव प्रतिबद्ध रहेको छ । नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनहरुको साथै बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३, नेपाल राष्ट्र बैंक ऐन, २०५८, धितोपत्र ऐन, २०६३ तथा विद्यमान ऐन कानून र अन्य नियमनकारी निकायहरुको निर्देशनको पालना गरी संस्थागत सुशासनको निरन्तर परिपालनाका लागि सञ्चालक समितिले प्रबन्धपत्र, नियमावली, विभिन्न विनियमावली, कार्यविधि, नीति तथा निर्देशनहरु तयार गरी लागू गरिएको छ ।

सञ्चालक समिति, लेखापरीक्षण समिति, कर्मचारी सेवा सुविधा समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ती शुद्धिकरण अनुगमन समिति लगायतका समितिहरुको माध्यमबाट संस्थाभित्र संस्थागत सुशासन कायम गर्न तथा आन्तरिक नियन्त्रण प्रणालीलाई मजवुत बनाउन यस संस्था प्रतिवद्ध छ ।

**७. सत्य तथ्य सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोष** : आजको मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्तालाई सु-सूचित निर्णय लिन आबश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन ।